नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.:-

प्रेस विज्ञप्ति

मिति २०८३ जेठ २९ गते दिउँसो करिब २:१५ बजे काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका-२, बुच्चाकोटमा बा. ३ ख ८३९८ नम्बरको यात्रुवाहक बस दुर्घटना हुँदा ८ जना यात्रुको दुःखद निधन भएको तथा १६ जना यात्रु घाइते भएको घटनाप्रति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गहिरो दुःख व्यक्त गर्दछ।

यस दुःखद घटनामा ज्यान गुमाउनुहुनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

दुर्घटनालगत्तै घाइतेहरूको जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, स्थानीय तह तथा स्वास्थ्य संस्थाहरूको सक्रिय सहभागिता एवं समन्वयमा उद्धार तथा उपचारको कार्य तत्काल गरिएको छ। घाइतेहरूको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ।

नेपाल सरकारले यस घटनाको अनुसन्धान गरी दुर्घटनाको कारण पहिचान गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको छ।

साथै घाइतेहरूको प्रभावकारी उपचार तथा प्रभावित परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित निकायहरूलाई निर्देशनसमेत दिइएको व्यहोरा जानकारी गराइन्छ।

२०८३।२।२९

वि.सं. २०८३/२/२९
ने.सं. ११४६ अनलगा द्वादशी, शुक्रबार

हेमराज अर्याल
सहसचिव/प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np